सियारी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड** : ४ **संख्या** : ६ **मिति** : २०७७/०९/२८

**भाग–२**

**सियारी गाउँपालिका गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

## सियारी गाउँपालिकाको स्थानीय लैङ्गिक हिंसा निवारण कोष (संचालन) सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः** नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशिय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पिडितलाई क्षतिपुर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरहरुद्धारा लैङ्गिक समानता कायम गर्ने व्यवस्थाका लागि स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी लैङ्गिक हिंसामा परेका पिडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने दायित्व स्थानीय तह समेतको भएको हुदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम लैङ्गिक हिंसा पिडित तथा जोखिममा रहेका व्यक्तिहरुको उद्धार, सहयोग र संरक्षणका लागि सियारी गाउँ कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम : स्थानीय लैङ्गिक हिंसा निवारण कोष (संचालन) सम्बन्धी कार्यविधि, २०७७ रहनेछ ।

ख) यो कार्यविधि सियारी गाउँ कार्यपालिकाले स्वीकृत गरि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) “कार्यविधि” भन्नाले स्थानीय लैङ्गिक हिंसा निवारण कोष (संचालन) सम्बन्धी कार्यविधि, २०७७ भन्ने सम्झनु पर्दछ ।

ख) "अध्यक्ष" भन्नाले सियारी गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले सियारी गाउँ कार्यपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सियारी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) "संरक्षक" भन्नाले यस कार्यविधि अनुसार नियम ६ बमोजिम गठित संचालक समितिको संरक्षक सम्झनु पर्दछ ।

च) "समिति" भन्नाले नियम ६ बमोजिमको तत्काल उद्धार तथा राहत समिति भन्ने सम्झनु पर्दछ ।

छ) वडा समिति भन्नाले सियारी गाउँ कार्यपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

ज) पिडित भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

झ) सहयोग भन्नाले लैङ्गिक हिंसाबाट पिडित प्रभावित व्यक्ति तथा जोखिममा रहेका व्यक्तिलाई उपचार, पुनस्थापना, मनोसामाजिक विमर्श, सुरक्षित आवास, खाना, यातायात, लत्ताकपडा, न्यायमा पहुँच र लैङ्गिक हिंसा पीडितको हकमा कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको क्षेत्रमा आर्थिक सहयोग उपलब्ध गराउने सम्झनु पर्दछ ।

ञ) जोखिममा रहेका व्यक्ति भन्नाले मानव बेचविखन तथा ओसारपसारमा परेका, अशक्त तथा अपाङ्गता भई साहारा विहिन बनेका, अभिभावक विहिन संरक्षक विहिन बालबालिका, बेसाहारा ज्येष्ठ नागरिक तथा विपतको कारण जोखिममा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक व्यक्तिहरु भन्ने बुझिन्छ ।

## परिच्छेद २

### ३. कोषको स्थापना :

(१) लैङ्गिक हिंसा पिडित तथा जोखिममा रहेका व्यक्तिको सहयोगका लागि स्थानीय लैङ्गिक हिंसा निवारण कोष नामको एक कोषको स्थापना गरिनेछ ।

(२) सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :-

(क) संघीय सरकार, प्रदेश सरकारवाट प्राप्त रकम ।

(ख) स्थानीय तहवाट प्राप्त रकम ।

(ग) संघीय सरकारको सहमतिमा अन्तराष्ट्रिय संघ संस्थावाट प्राप्त रकम ।

(घ) स्वदेशी व्यक्ति वा संघ संस्थावाट प्राप्त रकम ।

(ङ) अन्य स्रोतवाट प्राप्त रकम ।

### ४. सहयोग सम्बन्धी आधार

क) लैगिंक हिंसा पिडितप्रभावित तथा जोखिममा परेका व्यक्ति यस गाउँपालिका क्षेत्र भित्र बसेका वा गाउँपालिका क्षेत्र भित्र फेला परेको हुनु पर्नेछ ।

ख) व्यक्तिले सहयोग प्राप्तिका लागि सम्बन्धित वडाको सिफारिस वा ईलाका प्रहरी

कार्यालय छपियाको सिफारिसलाई आधार मानिने छ ।

ग) लैङ्गिक हिंसा तथा जोखिममा परेका व्यक्तिले सहयोग प्राप्तिका लागि आफ्नो पहिचान खुल्ने कागजात संलग्न राखी निवेदन दिनु पर्नेछ । कागजात नभएको तर उद्धार नगर्दा अरु बढी जोखिममा पर्न सक्ने अवस्थामा वडा कार्यालय वा ईलाका प्रहरी कार्यालय छपियाको सिफारिस पत्रलाई आधार मानिनेछ ।

**५. कोषको उपयोग :**

(१) कोषको रकम देहाय बमोजिमका विषयमा पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-

क) पीडितलाई तत्काल उद्धार गर्न,

ख) पीडितलाइ औषधी उपचार गर्न,

ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ) पिडितलाई कानुनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

च) हिंसा पिडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र संचालन गर्न,

छ) पीडितलाई पुनर्स्थापना गराउन,

ज) लैङ्गिंक हिंसा तथा यौनजन्य द्रुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानुन बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा त्यस्तो रकम क्षतिपूर्ति दिन ।

२) लैङ्गिक हिंसा तथा जोखिममा परेका व्यक्तिहरुलाई तत्काल आकस्मिक उद्धार र सहयोग गर्ने सन्दर्भमा तोकिएको बमोजिमको रकम खर्च गरी समितिबाट अनुमोदन समेत गराउन सकिने र सामान्य अवस्थामा समितिको बैठकबाट निर्णय गरी कोषको उपयोग गरिनेछ ।

## परिच्छेद ३

**६. स्थानीय तत्काल उद्धार तथा राहत समिति गठन सम्बन्धी व्यवस्था**

१) लैङ्गिक हिंसा पिडितप्रभावित तथा जोखिममा परेका व्यक्तिलाई तत्काल आवश्यक राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने र आवश्यक समन्वयका लागि गाउँपालिका स्तरीय तत्काल उद्धार तथा राहत समिति गठन गरिनेछ ।

२) नियम ६ को उपनियम (३) अनुसार गठन भएको समितिमा सियारी गाउँ कार्यपालिकाको अध्यक्ष संरक्षक रहने व्यवस्था हुनेछ ।

३) तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ :

क) उपाध्यक्ष — संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग) इलाका प्रहरी कार्यालयको प्रमुख — सदस्य

घ) लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने संघसंस्थाको प्रतिनिधी मध्येबाट संयोजकले तोकेको १ जना — सदस्य

ङ) महिला तथा बालबालिका इकाई प्रमुख — सदस्य सचिव

## ७. समितिको काम कर्तव्य र अधिकार

(क) तत्काल उद्धार, समन्वय र आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने अवस्थामा समितिले आवश्यक कार्य गर्ने,

(ख) लैङ्गिक हिंसा पीडितलाई एकीकृत सेवा प्रदानका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिश गर्ने,

(ग) राहत तथा आर्थिक सहयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(घ) लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) कोष बृद्धिका लागि स्रोतको खोजी र प्रदेश तथा संघीय सरकारसंग आवश्यक समन्वय गर्ने, प्रतिवेदन पठाउने,

(च) लैङ्गिक हिंसा प्रभावितले सहयोग प्राप्त गरे नगरेको विषयमा अनुगमन गरि आवश्यकता अनुसार कार्यालयलाई निर्देशन दिने,

(छ) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य कार्य गर्ने गराउने,

(ज) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र आवश्यक ठानेमा समितिले सरोकारवाला व्यक्ति, निकाय र संस्थाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## ८. सहयोग सम्बन्धी मापदण्ड :

१) पीडितलाई देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ :-

क) हिंसा पिडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा संभाव्यता तथा मनासिव कारणका आधारमा समितिको निर्णय अनुसार प्रतिव्यक्ति बढीमा बीस हजार रुपैयासम्म उपलब्ध गराउन सकिने,

ख) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार, मनोसामाजिक विमर्श सेवाका लागि पाँच हजार रुपैया सम्म उपलब्ध गराउन सकिने,

ग) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीन सय रुपैया र बास बस्नुपर्ने भए सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाको दरले बढीमा पाँच हजार रुपैयासम्म उपलब्ध गराउन सकिने,

घ) पीडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीनसय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नुपरेमा बढीमा पाँच दिनको

बास खर्च वापत प्रतिदिन पाचँ सय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च उपलब्ध गराउन सकिने,

ङ) पिडितसंग कुनै बालबच्चा भए बालबच्चाका लागि पिडित सरहको खाना खर्च रकम उपलब्ध गराउन सकिने ।

**९) निवेदन दिनु पर्ने :**

१) नियम (८) बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडितले राहत ताथ आर्थिक सहयोग पाउनुपर्ने मनासिक कारण खुलाई स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

२) उपनियम १ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने मनासिब आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

३) गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत लगायतका प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र राहत तथा उद्धार समितिको तत्काल बैठक वस्ने अवस्था नरहेमा राहत तथा उद्धार समितिको संयोजकले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषवाट पीडितलाई उपलब्ध गराउन कार्यालयलाई सिफारिस गर्न सक्नेछ ।

**१०. समन्वय र सहकार्य**

गाउँपालिकाले लैङ्गिक हिंसा प्रभावित व्यक्तिलाई उद्धार, पुन:र्स्थापना, कानुनी सेवा, सुरक्षित आवास लगायतका आकस्मिक सेवाका लागि आवश्यकता अनुसार संघीय सरकार, प्रदेश सरकार तथा सरोकारवाला अन्य निकाय संघसंस्थाहरु संग समन्वय सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद ४

**११. कोषको लेखा र लेखा परीक्षण :** कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ, कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षकद्धारा हुनेछ, अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१२. संशोधन र हेरफेर :** आवश्यकतानुसार यो कार्यविधिमा संशोधन हेरफेर निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ ।

**१४. बचाउ तथा खोरेजी:** यो कार्यविधी संघीय, प्रदेश सरकारको कानून तथा सियारी गाउँ कार्यपालिकाको ऐन कानून सँग बाझिएमा बाझिएको हदसम्म अमान्य वा खारेजी हुनेछ ।

## अनुसुची १
## नियम ९ को उपनियम १ सगं सम्बन्धीत

श्री संयोजक ज्यू,
स्थानीय तत्काल उद्धार तथा राहत समिति
सियारी गाउँ कार्यपालिका, रुपन्देही ।

**विषय : सहयोग उपलब्ध गराइ पाउँ ।**

म ............................................मा बस्ने वर्ष ...... को ........................................ मिति...................मा लैङ्गिंक हिंसाबाट पिडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। म उपर लैङ्गिंक हिंसा (..................) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानुनी सहायता एवं परामर्श/उद्धार/ मनोविमर्श/स्वरोजगार/पुनःस्थापना/अन्य ................ कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको:-
नाम थर :
ठेगाना :
दस्तखत :
मिति :

सियारी गाउँपालिकाको
स्थानीय लैङ्गिक हिंसा निवारण कोष (संचालन) सम्बन्धी कार्यविधि, २०७७

**प्रमाणिकरण मिति : २०७७/०९/२८**

**आज्ञाले**
**मिन प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**